Website:besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

राजश्व........ शाखा
वेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६६-५२०२०४
०६६-५२०१५०
फ्याक्स नं. ०६६-५२०२०४

पत्र संख्याः- २०७७/७८
चलानी नम्बरः- ९१८८

मितिः- २०७७।०८।२२

**बेसीशहर नगरपालिका भित्र सञ्चालनमा रहेका जलश्रोत उपयोग (खानेपानी तथा सिंचाईको मूल दर्ता) सम्बन्धी उपभोक्ता संस्थाहरुको लागि अत्यन्त जरुरी**

## सूचना ! सूचना !! सूचना !!!

बेसीशहर नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका जलश्रोतसँग सम्बन्धित खानेपानी, सिंचाई तथा अन्य प्रयोजनको लागि उपयोगमा आइरहेका मूलहरु दर्ता सम्बन्धमा यस अघि अन्यत्र निकायमा दर्ता गर्नुपर्ने ब्यवस्था भएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम आफ्नो स्थानीय तह भित्रका बासिन्दालाई स्वच्छ खानेपानी तथा सिंचाईको ब्यवस्थापन मिलाउनु सम्बन्धित नगपालिकाको काम, कर्तब्य भएकोले यस नगरपालिकाको “जलश्रोत उपयोग तथा ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६” को दफा ३ (१) बमोजिम “ब्यक्तिगत वा सामुदायिक प्रयोगका लागि कुनैपनि श्रोतको पानी, खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोग, सिंचाईको लागि प्रयोग गर्नु परेमा प्रयोजन खुलाई उपभोक्ता समिति तथा मूल दर्ता गरेर मात्र उपयोगमा ल्याउनु पर्नेछ, मूल दर्ता नगरी कसैले पनि जलश्रोतको उपयोग गर्नु हुँदैन” भन्ने उल्लेख भएकोले सोही बमोजिम यस अघि अन्य निकायमा दर्ता/नवीकरण भएका वा अन्य कुनै पनि निकायमा दर्ता प्रकृया पुरा नगरी सञ्चालनमा रहेका जलश्रोतसँग सम्बन्धित सम्पूर्ण मूल दर्ता तथा उपभोक्ता समितिहरुले ३५ (पैंतिस) दिन भित्र यस कार्यालयमा सम्पर्क गरी प्रकृया पुरा गरी सञ्चालन गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ ।

**<u>नयाँ दर्ता गर्नुपर्ने जलश्रोत उपयोग सम्बन्धी उपभोक्ता संस्थाको लागि चाहिने कागजात</u>**

क) जलश्रोत उपयोग सम्बन्धी उपभोक्ता समितिको सम्पूर्ण विवरण खुलेको कागजातसहितको निवेदन पत्र ।
ख) जलश्रोत उपभोक्ता समितिको विधान
ग) समितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपी
घ) उपभोक्ता समितिको निर्णय
ङ) वडा कार्यालयको ब्यहोरा खुलेको सिफारिस
च) मूल रहेको स्थानको सम्बन्धित वस्ती/टोलको सहमति पत्र/मञ्जुरीनामा

**<u>नवीकरण गर्नुपर्ने जलश्रोत उपयोग सम्बन्धी उपभोक्ता संस्थाको लागि चाहिने कागजात</u>**

क) जलश्रोत उपयोग सम्बन्धी उपभोक्ता समितिको सम्पूर्ण विवरण खुलेको कागजातसहितको निवेदन पत्र ।
ख) जलश्रोत उपभोक्ता समितिको विधान (पहिलो पटकको लागि मात्र)
ग) समितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपी (पहिलो पटकको लागि मात्र)
घ) उपभोक्ता समितिको साधारण सभाको निर्णय
ङ) नवीकरण गर्ने दर्ता प्रमाण पत्र/सूचिकृत दर्ता प्रमाण पत्र
च) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन

..................
पुष्पराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत



पुष्पराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत